# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, कार्तिक ०४ गते, २०८१ साल (अतिरिक्ताङ्क २५


## भाग १

### प्रदेश सरकार
### कोशी प्रदेश
### विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### संवत् २०८१ सालको अध्यादेश नं. १

आन्तरिक मामिला तथा कानून कोशी प्रदेश

## केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१

**प्रस्तावना:** प्रचलित केही प्रदेश ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "केही प्रदेश ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **विपद् व्यवस्थापन ऐन, २०७५ मा संशोधनः** विपद् व्यवस्थापन ऐन, २०७५ को,-

(१) दफा (२) को,-

(क) खण्ड (ग) झिकिएको छ।

(ख) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ,-

"(ज१) "पुनः निर्माण कोष" भन्नाले दफा १६क. बमोजिमको कोष सम्झनु पर्छ।"

(ग) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ,-

"(ञ१) "राहत कोष" भन्नाले दफा १६ बमोजिमको कोष सम्झनु पर्छ।"



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(२) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ,-

"१६. <u>राहत कोषः</u> (१) विपदको समयमा खोज, उद्धार तथा राहत कार्य सञ्चालनका लागि एउटा छुट्टै राहत कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको राहत कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारबाट कोषका लागि प्राप्त रकम,

(ख) संघीय सरकार तथा स्थानीय तहबाट कोषका लागि प्राप्त रकम,

(ग) प्रदेश प्रमुख तथा प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश आयोगका पदाधिकारी, संघीय तथा प्रदेश सांसद, निजामती, जंगी, प्रहरी तथा स्थानीय तहका कर्मचारीले कोषका लागि प्रदान गरेको रकम,

(घ) खण्ड (ग) मा लेखिए देखि बाहेक अन्य सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, ट्रेड युनियन, गैर सरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले कोषका लागि प्रदान गरेको रकम,

(ङ) कुनै संघ, संस्था वा व्यक्तिबाट कोषका लागि दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(च) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्था वा व्यक्तिबाट दफा २६ बमोजिम नेपाल सरकारको अनुमतिमा कोषको नाममा प्राप्त सहयोग, अनुदान वा ऋण स्वरूप प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट कोषका लागि भनि प्राप्त भएको रकम ।

(३) राहत कोषको खाता विपद् हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(४) राहत कोषको रकम दफा २९ बमोजिमको मापदण्डका आधारमा खर्च गरिनेछ।

(५) राहत कोषको रकम विपदबाट प्रभावितहरूको खोज, उद्धार तथा राहत कार्यमा खर्च गरिनेछ।

(६) उपदफा (५) बमोजिमको खोज, उद्धार तथा राहत कार्यअन्तर्गत देहायको कार्य समेत समावेश भएको मानिनेछ, –

(क) दफा २७ बमोजिमको खरिद तथा निर्माण,

(ख) दफा २८ बमोजिमको रकम वा क्षतिपूर्ति,

(ग) विपदबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण,

(घ) विपदबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर निर्माण,



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ङ) विपदबाट पीडित व्यक्तिको लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, पकाउने सामाग्री, लत्ता कपडा, औषधी, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद,

(च) विपदको कारणबाट घाइते वा बिरामी भएको व्यक्तिको औषधी उपचार,

(छ) विपदको कारणबाट देहावसान भएका व्यक्तिको काज क्रिया वा सद्गतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता,

(ज) विपदको कारणबाट भएको फोहोर मैला तथा प्रदूषणको विसर्जन (डिस्पोजल),

(झ) विपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन, पूर्व सावधानी वा पूर्व तयारी।

(७) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि राहत कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न सकिने छैन।

(८) राहत कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(९) राहत कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(१०) कार्यकारी समितिले राहत कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन परिषद् समक्ष पेश गर्नेछ।"

(३) दफा १६ पछि देहायको दफा १६क. थप गरिएको छ,-

"१६क. <u>मर्मत सम्भार तथा पुनः निर्माण कोषः</u> (१) विपदबाट क्षतिग्रस्त तथा प्रभावित संरचना एवं पूर्वाधारको मर्मत सम्भार तथा पुनः निर्माण कार्य सञ्चालन गर्न एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारबाट कोषका लागि प्राप्त रकम,

(ख) संघीय सरकार तथा स्थानीय तहबाट कोषका लागि प्राप्त रकम,

(ग) प्रदेश प्रमुख तथा प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश आयोगका पदाधिकारी, संघीय तथा प्रदेश सांसद, निजामती, जंगी, प्रहरी तथा स्थानीय तहका कर्मचारीले कोषका लागि प्रदान गरेको रकम,

(घ) खण्ड (ग) मा लेखिए देखि बाहेक अन्य सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, ट्रेड युनियन, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले कोषका लागि प्रदान गरेको रकम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ङ) कुनै संघ, संस्था वा व्यक्तिबाट कोषका लागि दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

(च) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्था वा व्यक्तिबाट दफा २६ बमोजिम नेपाल सरकारको अनुमतिमा कोषको नाममा प्राप्त सहयोग, अनुदान वा ऋण स्वरूप प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट कोषका लागि भनि प्राप्त भएको रकम ।

(३) पुनः निर्माण कोषको सञ्चालनका लागि देहाय बमोजिमको पुनः निर्माण कोष सञ्चालक समिति रहनेछ,-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानुन मन्त्री - सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्री - सदस्य

(घ) भौतिक पूर्वाधार विकास मन्त्री - सदस्य

(ङ) खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्री - सदस्य

(च) उद्योग, कृषि तथा सहकारी मन्त्री - सदस्य

(छ) पर्यटन, वन तथा वातावरण मन्त्री - सदस्य

(ज) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य

(झ) सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) पुनः निर्माण कोषको रकम प्राकृतिक विपत्तिबाट क्षतिग्रस्त वा प्रभावित प्रदेश सरकारबाट निर्माण भएका संरचनाहरूको मर्मत सम्भार तथा पुनः निर्माण कार्यमा प्रयोग गरिनेछ।

<u>स्पष्टीकरणः</u> प्राकृतिक विपत्तिबाट क्षतिग्रस्त वा प्रभावित प्रदेश सरकारबाट निर्माण भएका संरचनाहरूको मर्मत सम्भार तथा पुनः निर्माण प्रयोजनका लागि दफा २७ वा दफा २८ बमोजिम खर्च लाग्ने भएमा पुनः निर्माण कोषबाट त्यस्तो खर्च रकम व्यहोर्न बाधा परेको मानिने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनः निर्माण कोषको रकम नियमित प्रशासनिक कार्यको लागि गर्न सकिने छैन।

(६) पुनः निर्माण कोषको खाता विपद् हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(७) पुनः निर्माण कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा मातहत कार्यालयले गर्नेछ।

(८) पुनः निर्माण कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(९) उपदफा (३) बमोजिमको समितिले पुनः निर्माण कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी प्रदेश सभा र प्रदेश विपद् व्यवस्थापन परिषद् समक्ष पेश गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१०) पुनः निर्माण कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ।"

३. <u>प्रदेश सहकारी ऐन, २०७६ मा संशोधन</u>: प्रदेश सहकारी ऐन, २०७६ को,-

(१) दफा २ को,-

(१) खण्ड (त) मा रहेको "व्यक्ति" भन्ने शब्दको पछाडी "वा संस्था" भन्ने शब्दहरू थप गरिएको छ।

(२) खण्ड (ब) को सट्टा देहायको खण्ड (ब) राखिएको छ।

"(ब) "सहकारी संस्था" भन्नाले प्रारम्भिक सहकारी संस्था र सहकारी बैंकलाई समेत जनाउँछ।"

(२) दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (३क) थप गरिएको छ,-

"(३क) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एक सय जना नेपाली नागरिकको सहभागिता हुनु पर्नेछ।"

(३) दफा १३ को,-

(१) उपदफा (१) मा रहेको **"दर्ता प्रमाणपत्र दिनु पर्नेछ-"** भन्ने शब्दहरू पछाडी देहायका खण्डहरू थप गरिएका छन्-

(क) निवेदन साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) तोकिए बमोजिमका अन्य आधारहरू पूरा भएको।

(२) उपदफा (६) पछाडी देहायको उपदफा (७) थप गरिएको छ-

"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहको हकमा तोकिएको मापदण्ड बमोजिम बचत तथा ऋण सहकारी संस्था दर्ता गरिनेछ।"

(४) दफा १४ को उपदफा (३) र (४) झिकिएको छ।

(५) दफा १५ को उपदफा (६) झिकिएको छ।

(६) दफा १६ को,-

(१) उपदफा (५) मा रहेको " वा प्रचलित ऐन अनुसार" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (६) को खण्ड (क), (ख), (ग) र (घ) मा रहेका "प्रदेश," भन्ने शब्दहरू झिकिएका छन्।

(७) दफा १८ को-,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१) उपदफा (१) को पहिलो हरफमा रहेको "संस्था" भन्ने शब्दको पछाडी "र त्यस्तो संस्थाको हित प्रवर्द्धनका लागि गठन हुने संघ" भन्ने शब्दहरू थप गरिएको छ।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को विभिन्न ठाउँमा रहेका "संस्था" भन्ने शब्दहरूको पछाडी "वा संघ" भन्ने शब्दहरू थप गरिएका छन्।

(३) उपदफा (२) को पछाडी देहायको उपदफा (३) र (४) थप गरिएको छ,-

"(३) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकास क्रम समेतका आधारमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप विषय तोक्न सक्नेछ।'

(४) संघको वर्गीकरण देहाय बमोजिम हुनेछ,-

(क) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित विषय विशेषका विषयगत जिल्ला र प्रदेश संघहरू,

(ख) उपदफा (१) को खण्ड (ङ) मा उल्लिखित बहुउद्देश्य जिल्ला र प्रदेश संघ,

(ग) जिल्ला र प्रदेश सहकारी संघहरू,

(घ) विशिष्टीकृत संघहरू।"

(८) दफा १९ को उपदफा (१) मा रहेको "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरू बाहेक अन्य विषयगत वा बहुउद्देश्य" भन्ने शब्दहरू झिकिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(९) दफा २५ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ।

"(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित सहकारी संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ।"

(१०) दफा २६ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छ,-

"(१) सहकारी संस्थाको साधारण सभाको कुल सदस्य सङ्ख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन/पुनर्लेखन हुन सक्नेछ।"

"(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ।"

(११) दफा ४२ को उपदफा (१) को खण्ड (क), (ख) र (घ) मा रहेका "ठहर" भन्ने शब्दहरू झिकिएका छन्।

(१२) दफा ४७ को उपदफा (३) मा रहेको "सम्बन्धित संस्था" भन्ने शब्दहरूको पछाडी "को कार्यविधि" भन्ने शब्दहरू थप गरिएको छ।

(१३)दफा ५८ को उपदफा (३) खारेज गरिएको छ।

(१४) दफा ६२ को उपदफा (२) मा रहेका "निर्देशन दिन सक्नेछ।" भन्ने शब्दहरूको पछाडी रहेका "थप भएको एक महिना भित्रमा पनि लेखापरीक्षण नगराएमा त्यस्ता संस्थालाई पचास हजारसम्म जरिबाना गरी रजिष्ट्रारले त्यस्तो संस्थाको लेखापरीक्षण थप एक महिना भित्र इजाजतप्राप्त लेखापरीक्षकबाट गराउन निर्देशन दिन सक्नेछ।" भन्ने शब्दहरू झिकिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१५)दफा ७२ को उपदफा (१) मा रहेका "एक भन्दा बढी स्थानीय तहमा क्षेत्राधिकार भएको" भन्ने शब्दहरू झिकिएका छन्।

(१६)दफा ७३ को उपदफा (३) मा रहेको "रजिष्ट्रारबाट देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेजको लागि सिफारिस सहितको प्रतिवेदन समिति समक्ष तत्काल पेश गर्नु पर्नेछ" भन्ने शब्दको सट्टामा " रजिष्टार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता र खारेज गर्न सक्नेछ" भन्ने शब्दहरू राखिएको छ।

(१७)दफा ७३ को उपदफा (४) र (६) मा रहेका "समितिले" भन्ने शब्दहरूको सट्टामा "रजिष्टार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(१८) दफा ९६ को-,

(१) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ,-

"(१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्या ग्रस्त संस्था वा संघको रूपमा घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न प्रदेश सरकारले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने गरी एक व्यवस्थापन समितिको गठन गर्न सक्नेछ।

(क) कानुनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको कानुनविद् मध्येबाट प्रदेश सरकारले नियुक्त गरेको व्यक्ती - अध्यक्ष



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) सहकारी क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट प्रदेश सहकारी संघले तोकेको एक जना व्यक्ती - सदस्य

(ग) प्रशासन वा सुरक्षा वा अनुसन्धानका क्षेत्रमा कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट प्रदेश सरकारबाट मनोनीत एक जना व्यक्ति - सदस्य

(घ) लेखा विशेषज्ञहरू मध्येबाट प्रदेश सरकारले मनोनीत गरेको एक जना व्यक्ति -सदस्य

(ङ) प्रदेश सरकारले तोकेको सातौं /आठौं तह वा सो सरहको अधिकृत -सदस्य सचिव

(२) उपदफा (२) मा रहेका "अध्यक्ष र सदस्य सचिव बाहेक खण्ड (ख) र (ग) बमोजिम" भन्ने शब्दहरूको सट्टामा "सदस्य सचिव बाहेक" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (३) मा रहेको "व्यवस्थापन समितिको" भन्ने शब्दहरूको पछाडी "अध्यक्ष तथा" भन्ने शब्दहरू थप गरिएका छन्।

(४) उपदफा (४) मा रहेको "व्यवस्थापन समितिको" भन्ने शब्दहरूको पछाडी "अध्यक्ष तथा" भन्ने शब्दहरू थप गरिएका छन्।

(१९) दफा १०९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छ,-

"(३) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य पुरा समय काम गर्ने पदाधिकारी हुनेछन्।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४. **<u>प्रदेश निजामती सेवा ऐन, २०७९ मा संशोधनः</u>** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (२०) र (२१) को सट्टा देहायको उपदफा (२०), (२१) र (२२) राखिएको छ,-

"(२०) हाल आधारभूत तहमा रहेका इच्छुक वनरक्षकहरूलाई कक्षा १० उत्तीर्ण वा १५ वर्ष सेवा अवधि पूरा गरेको हकमा तेस्रो तह कायम गरिनेछ।

(२१) उपदफा (२०) बमोजिम तह कायम गर्न दोस्रो संशोधन ऐन प्रारम्भ भएको ३ महिनाभित्र वन निर्देशनालयले तेस्रो तह कायम हुन इच्छुक वनरक्षकलाई आवश्यक प्रमाण सहित निवेदन पेश गर्न आह्वान गर्नु पर्नेछ।

(२२) प्रदेश निजामती सेवामा गरिने पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

जारी मिति : २०८१।०७।०४

आज्ञाले,
कमल बहादुर थापा
नि.प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश